# अजिरकोट गाउँपालिका
# गाउँ कार्यपालिका
# गोरखा
### बैठक नं. १४०

मितिः २०८२।०८।१५ गते सोमबार

आज मिति २०८२ साल मंसिर १५ गते सोमबारको दिन अजिरकोट गाउँपालिका, गोरखाका अध्यक्ष श्री दीपक देवकोटाज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारी ज्यूहरुको समउपस्थितिमा गाउँ कार्यपालिकाको १४० औं बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

१. गाउँपालिका अध्यक्ष श्री दीपक देवकोटा

२. गाउँपालिका उपाध्यक्ष श्री अनिता भुजेल

३. १ नं. वडा अध्यक्ष श्री मनोज गुरुङ

४. २ नं. वडा अध्यक्ष श्री कृष्ण बहादुर गुरुङ

५. ३ नं. वडा अध्यक्ष श्री बाबुराम अधिकारी

६. ४ नं. वडा अध्यक्ष श्री जङ्ग बहादुरगुरुङ

७. ५ नं. वडा अध्यक्ष श्री बिर्ख ध्वज गुरुङ्ग

८. कार्यपालिका सदस्य श्री सदिक्षा गुरुङ

९. कार्यपालिका सदस्य श्री विन्दा तामाङ

१०. कार्यपालिका सदस्य श्री उमा गुरुङ

११. कार्यपालिका सदस्य श्री कमला सुनार

१२. कार्यपालिका सदस्य श्री सनिल परियार

१३. कार्यपालिका सदस्य श्री धनराज घले

१४. आमन्त्रित सदस्यः श्री बेल बहादुर परियार

१५. प्रमुख प्रशासकीय अधिकृत श्री ज्ञानुराम पन्थी

**व्यवस्थापन सहयोगी**

श्री लाल प्रसाद पौडेल (प्रशासकीय अधिकृत)

श्री जगजित कापर (प्रशासन सहायक)

श्री ईश्वर वाग्ले (वरिष्ठ लेखा सहायक)

अजिरकोट गाउँपालिका

मिति २०८२।०८।१५ गते सोमतबार

**गाउँ कार्यपालिकाको १४० औं बैठकका प्रस्तावहरु**

**प्रस्ताव नं. १ - कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा गर्ने ।**

**१. पृष्ठभूमी**

अजिरकोट गाउँ कार्यपालिकाको २०८२ कार्तिक २३ गते १३९ औं बैठकमार्फत विभिन्न निर्णयहरु भई कार्यान्वयनको अवस्थामा रहेका ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

अजिरकोट गााउँकार्यपालिकाका बैठकका निर्णयहरु समिक्षा गर्दै सार्थक तथा गुणस्तरिय कार्यान्वयन तथा सो को पृष्ठपोषणकको लागि समिक्षा गर्नुपर्ने भएको ।

**३. निणर्यका आधार र कानूनी व्यवस्था**

स्थानिय सरकार संचालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम स्थानीय तहले आफ्ना निर्णयहरु तथा विकास निर्माण कार्यको कार्यान्वयनको समिक्षा गर्नुपर्ने प्रावधान रहेको ।

**४. निर्णय हुनुपर्ने व्यहोरा**

अजिरकोट गाउँ कार्यपालिकाको १३९ औं बैठकमार्फत भएका तपसिलका निर्णयहरु कार्यान्वयनको अवस्थााको समिक्षा गरियो ।

| क्र.म | निर्णय | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | नवप्रवर्तन साझेदारी कार्यक्रमको लागि अवधारणापत्र पेश गर्ने। | गरिएको । | |

**प्रस्ताव नं २ – मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने ।**

**१. पृष्ठभूमिः** गण्डकी प्रदेश सरकार मुख्यमनत्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखराद्वारा मिति २०८२।०८।०९ मा प्रकाशित सूचना अनुसार स्थानीय तहहरुद्वारा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको अवधारणापत्र पेश गर्ने समबन्धी सूचना प्रकाशित भएको ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्यः** गण्डकी प्रदेश सरकार मुख्यमनत्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखरामा मुख्यमनत्री नवप्रवर्तन साझेदारी कार्यक्रमको प्रस्ताव पेश गर्नुपर्ने भएको ।

**३. निर्णयका आधार र कानूनी व्यवस्थाः**

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कायान्वयन (पहिलो संशोधन), कार्यविधि, २०८२

**४ निर्णय हुनुपर्ने व्यहोरा**

मुख्यमन्त्रि नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि,२०८२ बमोजिम २५ प्रतिशत लागत साझेदारी व्यहोर्ने प्रतिवद्धता सहित गण्डकी प्रदेश सरकार मुख्यमनत्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखरामा मुख्यमनत्री नवप्रवर्तन साझेदारी कार्यक्रमको प्रस्ताव पत्र पेश गर्ने।

**प्रस्ताव नं. ३ – अजिरकोट गाउँपालिकाको गाउँसभा द्वारा स्वीकृत दरवन्दीतर्फ अ.सब-ईन्जिनियर पदमा र नगर प्रहरी अन्तर्गतका बिभिन्न पदमा सेवा करारमा कर्मचारी भर्ना गर्ने ।**

**१. पृष्ठभूमी**

अजिरकोट गााउँपालिकामा स्वीकृत दरवन्दीमा अ.स.ई पद र नगर प्रहरीको विभिन्न पदमा जनशक्ति रिक्त रहेको अवस्था रहेको ।

**२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य**

अजिरकोट गााउँपालिकामा रिक्त रहेको **अ.स.ई** पद तथा नगर प्रहरीका बिभिन्न पदमा सेवा करारमा पदपुर्तिको लागि विज्ञापन गर्नुपर्ने भएको ।

**३. निणर्यका आधार र कानूनी व्यवस्था**

स्थानिय सरकार संचालन ऐन, २०७४ एवं. सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० तथा नगर प्रहरी सन्चालन तथा व्यव्थापन कार्यविधि (पहिलो संशोधन), २०८२ बमोजिम करार सेवामा विभिन्न पदहरुमा कर्मचारी\नगर प्रहरी भर्ना गर्न सक्ने प्रावधान रहेको ।

**४. निर्णय हुनुपर्ने व्यहोरा**

तपशील पदमा सेवा करारमा पदपुर्तिको लागि विज्ञापन गरी सेवा करारमा भर्ना गर्ने ।

**तपसिल**

| क.स. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | अ.सब-ईन्जिनियर | चौथो | १ | |
| २ | नगर प्रहरी सहायक निरीक्षक | सहायकस्तर चौथो | १ | |
| ३ | नगर प्रहरी हवल्दार | सहायकस्तर तृतीय | १ | |
| ४ | प्रहरी जवान | सहायकस्तर द्बितीय | ३ | |

**प्रस्ताव नं ४ – प्राविधिक समिति गठन गर्ने सम्बन्धमा ।**

१. पृष्ठभूमि : अजिरकोट गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ मा प्राविधिक समितिको गठन सम्बन्धमा उल्लेख भएको ।

२. प्रस्ताव पेश गर्नुपर्ने कारण र औचित्य : संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ बमोजिम कार्यसुची तथा प्रतिवेदन स्वीकृत गर्नु अगाडि प्राविधिक पक्षको अध्ययन, विश्लेषण र पुनरावलोकन गरी सिफारिस गर्न कार्यपालिकाले समितिको गठन गर्न सक्ने प्रावधान रहेको ।

३. निर्णयका आधार र कानूनी व्यवस्था :

अजिरकोट गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ मा प्राविधिक समितिको गठन गर्न सक्ने प्रावधान भएको ।

४. **निर्णय हुनुपर्ने व्यहोरा :**

अजिरकोट गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७ को दफा १४ बमोजिम कार्यसुची तथा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नु अघि प्राविधिक पक्षको अध्ययन, विश्लेषण र पुनरावलोकन गरी सिफारिस गर्न देहाय बमोजिमको प्राविधिक समिति गठन गर्ने ।

**तपसिल:**

(क) संयोजक - ई. श्री सन्तोष थापा

(ख) सदस्य - सि.स.ई.श्री अञ्जन कुवँर क्षेत्री

(ग) सदस्य - प्र.अ. श्री लाल प्रसाद पौडेल

**प्रस्ताव नं ५ - विविध**

१) राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत तपशीलका योजनाहरु गाउँपालिका र रोजगार कार्यक्रम बीच ५०/५० प्रतिशत साझेदारीमा गर्ने निर्णय गरियो ।

| क.स. | योजनाको नाम | ठेगाना | जम्मा बजेट (रु) | गाउँपालिका तर्फ |
|---|---|---|---|---|
| १ | नामाडटोल सिंढी बाटो | वडा न २ | ४,००,०००। | २,००,०००। |
| २ | थुम गाउँ सिंढी बाटो | वडा न १ | ५,००,०००। | २५००००। |
| ३ | थानीथान देखि कालिमाटी सम्मको गोरेटो बाटो | वडा न ५ | ४,००,०००। | २,००,०००। |

(२) यस अजिरकोट गाउँपालिकाको आ व २०८२।०८३ मा स्वीकृत वार्षिक कार्यक्रमहरु हिउँदे अधिवेशनको मिति सम्म पनि कार्यान्वयनको प्रक्रियामा नगएमा उक्त योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

(३) यस अजिरकोट गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ लाई संशोधन गर्ने निर्णय गरियो ।

(४) अजिरकोट गाउँपालिकाको सामुदायिक विद्यालयहरुमा करार शिक्षक तथा कर्मचारी छनौट कार्यविधि, २०८० लाई संशोधन गर्ने निर्णय गरियो ।

५.तपसिल बमोजिमको योजना / कार्यक्रहरुमा निम्न अनुसारको बजेट बाँडफाँड गर्ने।

| क.स. | योजनाको नाम | ठेगाना | विनियोजित बजेट (रु) | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | सूर्योदय युवा क्लब | वडा न ४ | ५०,०००। | खेलकुद अन्तर्गत | |
| २ | नम्भ्या खोला साघु निर्माण | वडा न १ | ५,००,०००। | सार्वजनिक निर्माण | |
| ३ | वडा न २ विद्युतीकरण साझेदारी | वडा न २ | १,५०,०००। | | |
| ४ | खानेपानी योजना [illegible]पानी | वडा न ५ | २,००,०००। | खानेपानी व्यवस्थापन | |
| ५ | पातलेपानी पधेरो संरक्षण | वडा न ५ | २,००,०००। | धारा कुवा संरक्षण | |